# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

## शिलबन्दि दरभाउपत्र आव्हानको सूचना

**(प्रकाशित मिति २०७८।९।५ गते)**

सरुमारानी गाउँपालिका अन्तरगत देहाय बमोजिमका खोला तथा नदीहरुबाट ठेक्का प्रकृयाद्वारा नदिजन्य पदार्थ उत्खनन् संकलन तथा घाटगद्दि गर्ने र घाटगद्दि स्थलबाट बिक्री वितरण गर्ने कार्य गर्न गराउन आवस्यक भएकाले लुम्बिनी प्रदेश नदिजन्य पदार्थ ब्यबस्थापन कार्यविधि २०७५ को नियम ७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक (मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, फर्म नविकरण प्रमाण पत्र, आ व ०७७।७८ को आयकर चुक्ता/म्याद थप प्रमाण पत्र भएका) ठेकेदार/ फर्मले दरभाउपत्र खरिद गरि तपशिलको शर्तका आधारमा आफूले कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरि अंक र अक्षरमा खुलाई ठेक्का नम्बर उल्लेख गरि यस कार्यालयमा दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

यसरी दरभाउपत्र पेश गर्दा प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत दरभाउपत्र साथ राखी बुझाउन र कबुल गरेको मु.अ.कर सहितको ठेक्का अंकको ५% का दरले हुने धरौटीं (बोलपत्र जमानत) वापतको रकम यस सरुमारानी गाउँपालिकाको नाममा प्राईम कमर्सियल बैंक बड्डाँडामा रहेको GA.3 DHARAUTI A/C धरौटी खाता नं. 06800394CA मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी जारी गरिएको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) दरभाउपत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्रदाताको सही छाप भएको सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । म्याद नाघी आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकारिक पदाधिकारीबाट प्रमाणित नभएको दरभाउपत्र फारमलाई मान्यता दिईने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी (दरभाउपत्र जमानत) जफत हुनेछ । दरभाउपत्र दाखिला गर्न अगावै सम्वन्धित दरभाउपत्रदाताले उत्खनन् एवं घाटगद्दि स्थलको निरिक्षण गरेर मात्र दरभाउपत्र पेश गर्नुपर्नेछ । पछि परिमाणमा कमी आएको भनी वा अन्य कुनै किसिमको दावी गर्न पाईने छैन । दरभाउपत्र खोलिने समयमा दरभाउपत्रदाता स्वयम् वा आफ्नो प्रतिनिधि उपस्थित हुनुपर्नेछ र दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भए पनि दरभाउपत्र खोल्न सकिने छ । ठेक्का सम्बन्धी शर्तहरु दरभाउपत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।

| ठेक्का नं | खोला नदी | क्षेत्र | उत्खनन् गरिने अनुमानित परिमाण (घ.मि) | जम्मा न्यूनतम अंक रु (मु.अ.कर वाहेक) | दरभाउपत्र दस्तुर | बिड सेकुरिटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 05/SRM/Agg/078/79 | राप्ती नदी | ददेरी बगर (क) | ६२७० | १७६९६४४.८० | १०००/ | कबोल रकमको ५% | |
| 06/SRM/Agg/078/79 | राप्ती नदी | ददेरी बगर (ख) | ६२७० | १७६९६४४.८० | १०००/ | कबोल रकमको ५% | |
| 07/SRM/Agg/078/79 | राप्ती नदी | सुनघाट बगर | ६२७० | १७६९६४४.८० | १०००/ | कबोल रकमको ५% | |
| 08/SRM/Agg/078/79 | राप्ती नदी | तित्रीबाझ बगर | ६२७० | १७६९६४४.८० | १०००/ | कबोल रकमको ५% | |
| 09/SRM/Agg/078/79 | राप्ती नदी | झिलिबाङ धाद्र बगर | ६२७० | १७६९६४४.८० | १०००/ | कबोल रकमको ५% | |

१. दरभाउपत्र बिक्री हुने अन्तिम मिति, समय: २०७८।९।१२ गते कार्यालय समय भित्र ।

२. दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति, समय: २०७८।९।१३ गते दिनको १२:०० वजे सम्म ।

३. दरभाउपत्र खोलिने स्थान, मिति, समय: दरभाउपत्र दाखिला गर्ने दिनको १३:०० वजे गाउँपालिकाको कार्यालय बड्डाँडा, प्यूठान ।

नोट:

- दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलीपल्ट सोही समयमा हुनेछ ।
- विस्तृत जानकारीका लागि यस कार्यालयको website www.sarumaranimun.gov.np मा हेर्न सकिनेछ साथै यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

<u>ठेक्का सम्बन्धि शर्तहरु</u>

१) प्रचलित नेपाल कानुन बमोजिम मू.अ.करमा दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार फर्महरुले दरभाउपत्र खरिद गरि सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्नुपर्नेछ ।

२) दरभाउपत्र खरिद तथा दाखिला यस कार्यालयको राजश्व शाखाबाट गर्न सकिनेछ ।

३) दरभाउपत्रदाताले न्यूनतम ठेक्का अंक भन्दा घटी रकम कबोल गरि दरभाउपत्र पेश गर्न पाईने छैन । दरभाउपत्रमा लेखिएका अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

४) उक्त न्यूनतम अंकमा मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर समावेश गरिएको छैन । ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्नेछ ।

५) दरभाउपत्रदाताले ठेक्का अंकको ५०% ले हुने रकम, सोको मू.अ.कर बापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ट ठेक्का सझौताका बखत जम्मा गर्नु पर्नेछ र बांकि दोस्रो किस्ता बापतको ५०% ले हुने रकम २०७९ बैशाख १५ गते भित्र वा कुल उत्खनन् परिमाणको ७५% परिमाण मध्य जुन पहिला हुन्छ सोहि मितिमा बुझाउनु पर्नेछ ठेक्का सम्झौताका वखत बुझाउन बाँकी ५०% रकम बराबरको बैंक ग्यारेन्टी (नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकको २०७९ श्रावण मसान्त सम्म म्याद भएको परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।

६) दर्भाउपत्रदाताले ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट सम्झौताको अवस्थामा दाखिला गरेमा कुल कबोल अंकको ५% रकम छुट दिन सकिनेछ तर कबोल अंकको १०% रकम अनिवार्य रुपमा धरौटी राख्नु पर्नेछ । उक्त धरौटी बापतको रकम मू.अ.कर र अग्रिम आयकर समायोजन भइसकेको भनी आन्तरिक राजस्व कार्यालयको धरौटी फुकुवा पत्र पेश गरेपछि मात्र धरौटी फुकुवा या बैंक ग्यारेन्टी फुकुवा गरिनेछ ।

७) गाउँपालिका र ठेकेदार बिच ठेक्का संचालन सम्बन्धि विवाद परि वा अन्य कुनै कारणबाट गाउँपालिकालाई तिर्नुपर्ने रकम बाँकी रहि असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जना ब्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पुर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिनेछ ।

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

८) तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकि रहेको किस्ता असुल उपर गर्ने तर्फ आवस्यक कानूनी कारबाही गरिनेछ। असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ।

९) कुनै हडताल, वन्द, नाकावन्दि, चक्काजाम, स्थानीय विवाद वा यस्तै अन्य कारणबाट बस्तु निकासि नभएको वा अन्य कुनै कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावा गर्न पाईने छैन।

१०) यस गाउँपालिकामा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन्।

उत्खनन् सम्बन्धि शर्तहरु

१) ठेक्का स्वीकृत भएपछि गाउँपालिकाका प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ। सोहि सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नु पर्नेछ।

२) IEE प्रतिवेदन अनुसार स्थानीय जनशक्तिबाट हात र हाते औजार जस्तै सावेल, हथौडा, कोदालो, फरुवा, गैति वेल्चा आदि प्रयोग गरि नदीजन्य पदार्थ उत्खनन् गर्न सकिनेछ।

३) उत्खनन् गर्ने नदी घाट वरपर रहेका नदी संरक्षणको कार्यमा संलग्न समितिका व्यक्तिसंग आवस्यक समन्वय गरेर उत्खनन् कार्य गर्नुपर्नेछ।

४) उत्खनन् को कार्य बिहान ८:०० बजे देखि प्रारम्भ गरि साँझ ६:०० बजे सम्म मात्र गर्नुपर्नेछ।

५) तोकिएको क्षेत्र बाहेक अनेत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा साझौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन् गरेको पाईएमा सोको परिमाण यकिन गरि ठेकेदारबाट तेब्बर राजश्व असुली गरिनेछ।

घटगद्दि सम्बन्धि शर्तहरु

१) उत्खनन् एवं संकलन गरेको नदीजन्य पदार्थ उत्खनन् स्थलबाट ढुवानी गरि निस्चित स्थानमा घाटगद्दि गर्नुपर्नेछ।

२) घाटगद्दि गर्दा नाप जाँच गर्न मिल्ने किसिमले चट्टा मिलाई गर्नुपर्नेछ।

३) उत्खनन् अवधिभर बिक्री गर्न पाईनेछैन।

४) घाटगद्दि स्थलको व्यवस्था दरभाउपत्रदाताले गर्नुपर्नेछ र उक्त स्थलहरुका लागि गाउँपालिकाबाट सहमति प्राप्त गर्नु पर्नेछ।

घटगद्दि बिक्री बितरण तथा ओसार पसार सम्बन्धि शर्तहरु

१) उत्खनन् कार्य समाप्त भएपछि सम्बन्धित ठेकेदारले नापजाँचको लागि गाउँपालिकामा अनुरोध गर्नुपर्नेछ।

२) गाउँपालिकाले प्राबिधिक खटाई घाटगद्दिमा रहेको नदीजन्य पदार्थको परिमाण एकिन गराउनु पर्नेछ।

३) अव्यवस्थित तवरले घाटगद्दि गरेको कारणले नाप लिन कठिनाई परेमा ठेकेदारले नाप लिन मिल्ने किसिमले चट्टा मिलाउनु पर्नेछ।

४) प्राबिधिकले नापजाँच गरि प्रतिवेदन दिएपछि मात्र गाउँपालिकाले घाटगद्दिबाट बिक्री एवं ओसारपसार गर्न दिईनेछ।

५) नदीजन्य पदार्थ बिक्री गर्नुपुर्व ठेकेदारले सिलसिलेबार नम्बर सहितको तिन प्रति भएको कर बिजक रसिदहरु छपाई यस कार्यालयबाट प्रमाणित गराउनुपर्नेछ। बिक्रीबितरण गर्दा अनिवार्य रुपमा खरिदकर्तालाई पहिलो प्रति रसिद दिनुपर्नेछ। कर बिजक बेगर नदीजन्य पदार्थ बिक्रीबितरण तथा ओसारपसार गर्न पाईनेछैन।

६) ढुवानी गर्दा सवारि साधनको ट्राली/ढाला भन्दा माथि सम्म आउने गरि नदीजन्य पदार्थ भरेर बाटोमा खसाल्दै ढुवानि गर्न पाईनेछैन। साथै ट्राली/ढाला राम्रोसंग बन्द गरि बाटोमा नखस्ने व्यवस्था मिलाउनु पर्नेछ।

७) ढुवानी गर्ने सवारीले घाटगद्दि स्थलबाटै राम्रोसंग ढाकेर लैजानुपर्नेछ र सवारीको गति समेत ४० कि मी प्रति घण्टा भन्दा बढिमा हाँक्न पाईनेछैन।

८) ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाईने छैन।

९) यस ठेक्का लिएको कारणबाट नदीजन्य पदार्थ बिदेश निकासी गर्न पाईने छैन।

अन्य शर्तहरु

१) मूलबाटोबाट घाटतर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मर्मत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ। सो बापतको खर्च रकम दावी गर्न पाईने छैन।

२) वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन। साथै IEE प्रतिवेदन तथा राष्ट्रपति चुरे-तराई मधेस सरक्षण विकास समितिबाट प्राप्त पत्रमा उल्लेखित सर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ। साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालन गर्नु पर्नेछ।

३) यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

.........................
(चिन्तामणि रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत